# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५।०६।०४

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ | २०७६।०१।२० |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |

संवत् २०७५ सालको ऐन नं. १२

## <u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यस ऐनको दफा ४, ६ र ७ सपथ ग्रहण भएको मिति देखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) "दलको प्रमुख सचेतक" भन्नाले प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्यले प्रतिनिधित्व गर्ने राजनीतिक दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, दलको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र प्रदेश सभा समितिका सभापति समेतलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले ♣बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "प्रमुख सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रदेश सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(च) "मुख्य सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको मुख्य सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(छ) "राजधानी" भन्नाले ♣बागमती प्रदेशको राजधानी सम्झनु पर्छ र सो शब्दले प्रदेशको अस्थायी राजधानीलाई समेत जनाउँछ ।

(ज) "विपक्षी दलको सचेतक" भन्नाले प्रदेश सभाको विपक्षी दलको नेताले सचेतक भई काम गर्न तोकेको सभाको सदस्यलाई सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित ।

(झ) "विपक्षी दलको नेता" भन्नाले देहाय बमोजिमका दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति सम्झनु पर्छः-

(१) मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा सबै भन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफू मध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रदेश सभाका सबै भन्दा बढी सदस्यले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्य भएको कुनै पनि दल नभएमा सभाको लागि प्रदेश सभामुखले तोकी दिएको दल,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भएको पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरी दिनु पर्नेछ ।

(ञ) "सत्ता पक्षको सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

(ठ) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ ।

(ड) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३. **<u>पारिश्रमिकः</u>** (१) पदाधिकारी र सदस्यले आफूले निर्वाचित वा मनोनयन भई शपथ लिएको मिति देखि अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा भत्ता पाउनेछन् ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्मको पाउने पारिश्रमिको अतिरिक्त एक महिनाको थप पारिश्रमिक पाउनेछ ।

(३) उपदफा (२) बमोजिम पाउने रकम अवस्था अनुसार त्यस्तो पदाधिकारी वा सदस्यलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालाले पाउनेछ ।

४. **<u>पदाधिकारी र सदस्यको भत्ताः</u>** (१) पदाधिकारी र सदस्यलाई प्रदेश सभाको बैठक वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम पाउनेछ ।

तर प्रदेश सभा र समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक दिनको मात्र भत्ता पाउनेछ । सदन र समितिको बैठक बापत छुट्टाछुट्टै भत्ता पाउने छैन ।

(२) प्रदेश सभाको अधिवेशन आव्हान र अन्त्य हुँदाका बखत आफ्नो स्थायी बासस्थानबाट संसदको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यलाई दफा ९ बमोजिमको भत्ता पाउनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर कुनै पदाधिकारी वा सदस्य निर्वाचित भएको क्षेत्र र निजको स्थायी बासस्थान भएको क्षेत्र भिन्ना भिन्नै भएमा ती दुई स्थानमध्ये कुनै एक स्थानबाट आउँदा जाँदा त्यस्तो भत्ता पाउनेछ ।

५. **<u>सचिवालय र कर्मचारीको व्यवस्थाः</u>** (१) आफ्नो कार्यकालभरको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची- २ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा र अनुसूची- १ बमोजिमको निजी सचिवालय बन्दोवस्त सुविधा पाउनेछ ।

(२) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी तथा सदस्यलाई निजको कार्यकालभरको निमित्त फर्निचर व्यवस्था गर्न दफा ६ को उपदफा (४) बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(३) निजी सचिवालयको लागि कार्यालय सञ्चालन र मसलन्द तथा अतिथि सत्कारको निमित्त पदाधिकारी र सदस्यलाई अनुसूची- २ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

६. **<u>आवास सुविधाः</u>** (१) सभामुख र उपसभामुखलाई आवासको निमित्त प्रदेश सरकारको तर्फबाट आवश्यक फर्निचर सहितको सरकारी आवासको बन्दोबस्त गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको तर्फबाट बन्दोबस्त भएको घरको मर्मत र सम्भार प्रदेश सरकारले गर्नेछ ।

(३) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यलाई अनुसूची- १ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(४) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सभाको एक कार्यकालको निमित्त अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ।

तर मन्त्री वा पदाधिकारीको हैसियतले एक पटक फर्निचर सम्बन्धी सुविधा पाइसकेको भए निजलाई प्रदेश सभाको सोही कार्यकालभित्र यस उपदफा बमोजिमको फर्निचर सुविधा दिइने छैन ।

(५) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

७. **<u>सवारी साधन तथा इन्धन सुविधा:</u>** *(१) सभामुख, उप सभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्तापक्षको मुख्य सचेतक, विपक्षी दलको प्रमुख सचेतक र समितिका सभापतिहरूलाई सवारी साधन एक/एक र अनुसूची-१ मा उल्लेख भए बमोजिम इन्धन, मोविल र अनुसूची- २ मा उल्लेख भए बमोजिमको हलुका सवारी चालक प्रदेश सभा सचिवालयले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम पदाधिकारीले प्राप्त गरेको इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(३) यस दफा बमोजिम पदाधिकारीलाई उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार प्रदेश सभा सचिवालयको तर्फबाट गरिनेछ ।

(४) यस दफा बमोजिम पाएको सुविधा पदाधिकारीले आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(५) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची- १ बमोजिमको रकम दिइनेछ ।

८. **<u>बिजुली, धारा र सञ्चार सुविधाः</u>** पदाधिकारी तथा सदस्यलाई धारा, बिजुली, टेलिफोन महशुल, इन्टरनेट र पत्रपत्रिका बापत अनुसूची- १ बमोजिमको सुविधा दिइनेछ।

९. **<u>दैनिक तथा भ्रमण भत्ता</u>** (१) प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई अनुसूची- १ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

१०. **<u>चार्डपर्व खर्चः</u>** (१) पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चार्डपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्ष चार्डपर्व खर्चको रुपमा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको रकम पदाधिकारी तथा सदस्यले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्मसंस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछन् ।

११. **<u>बिल भरपाई इत्यादि पेश गर्नु पर्नेः</u>** (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज, रेल र बसको टिकट बापत भएको खर्चको बिल भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोस प्रमाणित गरिएको निस्सा भ्रमण बिलको साथ पेश गर्नु पर्नेछ ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभाको सचिवालयले उपलब्ध गराउनेछ ।

१२. **<u>दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउने:</u>** समितिको बैठक चलिरहेको समयमा सभाको बैठक प्रारम्भ हुने कुराको वा सभाको बैठक चलिरहेको समयमा समितिको बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम सभा वा समितिको बैठक प्रारम्भ हुने र चलिरहेको सभा वा समितिको बैठक अन्त्य भएको मिति बीचको अवधि सात दिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा सदस्यले पछिबाट प्रारम्भ भएको सदन वा समितिको बैठकको अन्त्य भएपछि मात्र यस ऐन बमोजिमको भ्रमण भत्ताको सुविधा पाउनेछ ।

१३. **<u>राहदानी सुविधा:</u>** प्रदेश सभाको कामको सिलसिलामा वा नेपालको प्रतिनिधित्व गरी विदेशको भ्रमणमा जाँदा पदाधिकारी र सदस्यले नेपाल सरकारले तोके बमोजिमको राहदानी पाउनेछन् ।

१४. **<u>उपचारको व्यवस्था:</u>** (१) पदाधिकारी र सदस्यलाई उपचारको निमित्त प्रदेश सभा सचिवालयले स्वास्थ्य बिमाको लागि प्रिमियम बापत अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य बिमाको व्यवस्था नभएमा पदाधिकारी तथा सदस्यलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधि उपचार गर्न सिफारिस गरेमा पदाधिकारी तथा सदस्यले सरकारी अस्पतालमा भर्ना भई वा नभई औषधि उपचार गराएमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

१५. **कार्यालय सुविधाः** (१) पदाधिकारीलाई आफ्नो कार्यालय स्थापना गर्न प्रदेश सभाको सचिवालयमा कार्यकक्ष उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकक्षमा आवश्यक फर्निचर, कम्प्यूटर र टेलिफोन उपलब्ध गराइनेछ ।

१६. **अस्थायी समितिको सभापति तथा उपसमितिको संयोजक र सदस्यले पाउने सुविधाः** (१) कुनै खास प्रयोजनका लागि प्रदेश सभाले अस्थायी प्रकृतिको कुनै समिति गठन गरेमा त्यस्तो समितिको सभापति र सदस्य तथा सो समिति अन्तर्गत गठित उपसमितिको संयोजक र सदस्यले दफा ४ को उपदफा (१) बमोजिमको बैठक भत्ता पाउने छन् ।

(२) उपदफा (१) बमोजिम गठित समितिको सभापतिलाई दफा ७ को उपदफा (१) बमोजिम सुविधा दिइनेछ। अन्य सदस्य तथा उपसमितिको संयोजक र सदस्यलाई दफा ७ को उपदफा (५) बमोजिम यातायात सुविधा बापतको रकम दिइनेछ ।

१७. **दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः** (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई डिँडडुल गर्न निजलाई परिचारकको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुख वा अध्यक्षलाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना परिचारक उपलब्ध गराइनेछ ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः–

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१८. **<u>पेश्कीः</u>** (१) पदाधिकारी वा सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा बापतको रकम पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फर्छ्यौट गर्ने गरी बढीमा तीन महिनासम्मको पेश्की पाउन सक्नेछ ।

१९. **<u>पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः</u>** पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभाको सचिवालयबाट बैंक खातामा भुक्तानी पाउनेछन् ।

२०. **<u>भत्ता नपाउनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सभाबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको भत्ता पाउने छैन ।

तर निजको निलम्वन फुकुवा भएमा वा अदालतबाट सफाइ पाएमा पारिश्रमिक तथा सुविधा रोक्का भएको मितिदेखि पारिश्रमिक तथा सुविधा पाउनेछ ।

(२) कुनै पदाधिकारी दुई वटा पदमा मनोनीत वा निर्वाचित भएमा निजले कुनै एक पदको सुविधा मात्र पाउनेछ ।

२१. **<u>सुरक्षाको व्यवस्थाः</u>** प्रदेश सभाका सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२२. **<u>एउटा सुविधा मात्र पाउने:</u>** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा सुविधा मात्र पाउनेछ ।

२३. **<u>सुविधाको दुरुपयोग गर्न नहुने:</u>** यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउनेछन् । सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानि नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ ।

२४. **<u>प्रदेश सभा सदस्यको शपथ:</u>** (१) प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची- ३ बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

तर संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुख समक्ष शपथ लिनु पर्नेछ ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति प्रदेश सभा वा त्यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै प्रदेश सभा सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) यस दफा बमोजिम सदस्यले शपथ लिए पछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथको प्रतिहरुमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख प्रदेश सभा सचिवालयले राख्नेछ ।

२५. **<u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

२६. **<u>बचाउः</u>** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित)

## पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख/विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | #पारिश्रमिक | प्रति महिना रु. | ♣६१४८०।- | ♣५८०००।- | ♣५६८४०।- | ♣५४५२०।- | ♣५२२००।- |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १०००।- | १०००।- | १०००।- | १०००।- | १०००।- |

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

# मिति २०७६ साल साउन १ गते देखि लागू हुने ।

♣ मिति २०७६।७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ५०००।- | ♥३०००/२०००।- | २०००।- | १५००।- | १५००।- |
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | ♥आवास उपलब्ध गराउने/२५००० | २५०००।- | १५०००।- | १५०००।- |
| ५ | फर्निचर (पाँच वर्षको अवधिमा एक पटक) | एक मुष्ठ रु. | - | ♥०/५०००० | ५००००।- | ५००००।- | ५००००।- |
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २०००।- | ♥१७५०।- | १७५०।- | १२००।- | - |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १२५ | १२५।- | ✂--- | - |

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | मोविल | त्रैमासिक लि. | १० | ५ | ५ | ×--- | - |
| ९ | यातायात सुविधा | प्रतिदिन रू | - | - | - | - | १०००।- |
| १० | बिजुली, धारा | प्रति महिना | विल अनुसार | ♥विल अनुसार/२००० | २०००।- | २०००।- | २०००।- |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५००।- | २०००।- | २०००।- | २०००।- | २०००।- |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | २००।- | १७५।- | १७५।- | १७५।- | १७५।- |
| १३ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

***<u>द्रष्टव्य</u>*** :-

(१) विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

(२) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध

---

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन ।

(३) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खान बस्न र यातायात खर्च मात्र दिएको मा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(४) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलव्ध गराइनेछ ।

(५) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छ्यासट्टी प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(६) पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ ।

(७) भ्रमण सम्बन्धी थप व्यवस्थाः-

(क) जिल्ला भ्रमण गर्नु पूर्व सभामुखबाट स्वीकृति लिनु पर्ने,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने,

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एकपटकभन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- २
(दफा ५ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यलाई दिईने अन्य सुविधा**

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख / विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव | जना जना | उप सचिव शाखा अधिकृत | ♥शाखा अधिकृत १/१ | रा.प.अनं. प्रथम नायव सुब्वा | रा.प.अनं.प्रथम नायब सुब्वा | रा.प.अनं.प्रथम नायब सुब्वा |
| २ | कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम) | जना | १ | ♥१/१ | - | - | - |

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | *२/१ | - | - | - |
| ४ | हलुका सवारी चालक(प्रथम स्तर) | जना | २ | ♥१/१ | १ | १ | - |
| ५ | अतिथि सत्कार | प्रति महिना रु. | १०००० ।- | ♥५०००/ ५०००।- | ४०००।- | ३५००।- | ३०००।- |

***द्रष्टव्य*** :-

♣ (१) स्वकीय सचिवालयका कर्मचारीहरुले समान तहका निजामती कर्मचारीले पाए सरह शुरु तलब स्केल, महंगी भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता प्रदेश सरकार मन्त्रिपरिषद्ले मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयको कर्मचारीलाई दिएको सुविधा सरह दिने।#

---

* पहिलो संशोधनद्वारा संशोधित ।

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

♣ मिति २०७६।७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

# मिति २०७६ साल साउन १ गते देखि लागू हुने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

(३) संसद सचिवालय भएको स्थानमा घर भएका सांसदहरुको हकमा घर भाडा रकमको अधा रकम मर्मत सुविधामा व्यवस्था गरिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची– ३
## (दफा २४ को उपदफा (१) सँग सम्बन्धित)
## <u>शपथको ढाँचा</u>

म (सम्बन्धित सदस्यको पूरा नाम)................................... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

मितिः-

दस्तखतः-

नाम, थरः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश